राष्ट्रिय दैनिक

# समाचार दैनिक

www.esamachardainik.com

जनकपुर

वर्ष ६ अंक २७३ २०८२ जेठ १६ गते शुक्रवार (30 May 2025) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## सरकारले ल्यायो १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट

दैनिक समाचारदाता

काठमाडौँ १५ जेठ। सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रू १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको छ।

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आज सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको आय(व्ययको अनुमान पेस गर्नुभएको हो। "आगामी आर्थिक वर्षको बजेटमा चालुतर्फ रू ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६० दशमलव एक प्रतिशत, पुँजीगततर्फ रू चार खर्ब सात अर्ब ८९ करोड अर्थात् २० दशमलव आठ प्रतिशत र वित्तीय व्यवस्थापनमा रू तीन खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९ दशमलव एक प्रतिशत विनियोजन गरिएको छ", अर्थमन्त्री पौडेलले बजेट वक्तव्यमार्फत भन्नुभयो।

आगामी आर्थिक वर्षको व्ययको अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा पाँच दशमलव छ प्रतिशत र संशोधित अनुमानको तुलनामा १८ दशमलव दुई प्रतिशतले बढी हो। कुल विनियोजनमा प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणतर्फ रू चार खर्ब १७ अर्ब ८३ करोड विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रू १३ खर्ब १५ अर्ब र वैदेशिक अनुदानबाट रू ५३ अर्ब ४५ करोड उठाइने अनुमान गरिएको छ। बाँकी रू पाँच खर्ब ९५ अर्ब ६६ अर्ब बराबर न्यून हुनेछ। त्यसका लागि आन्तरिक ऋणबाट रू तीन खर्ब ६२ अर्ब र बाह्य ऋणबाट रू दुई खर्ब ३३ अर्ब ६६ करोड व्यहोरिने अर्थमन्त्री पौडेलले बताउनुभयो।

***वृद्धभत्ता पाउन अब ७० वर्ष पुग्नपर्ने***

सरकारले वृद्धभत्ता पाउने उमेर बढाएको छ। यसअघि ६८ वर्षमा दिइँदै आएको बजेटको उमेर बढाएर ७० वर्ष पुऱ्याइएको हो।

उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै यसबारे जानकारी गराएका हुन्। यो सँगै अब ७० वर्षमा मात्रै वृद्धभत्ता पाइने भएको छ।

***ईभीमा कर यथावत***

सरकारले विद्युतीय सवारीसाधनमा लाग्दै आएको भन्सार तथा अन्य करहरू यथावत राखेको छ। विद्युतीय सवारीसाधनलाई प्रोत्साहित गर्न यस्ता सवारीसाधनमा लाग्दै आएका करलाई यथावत राखिएको पौडेलले बताए।

सरकारले बजेटमार्फत भन्सार कर बढाउन सक्ने हल्लाका बीच व्यापारीहरूले धमाधम गाडी आयात गर्दा चोभारस्थित सुक्खा बन्दरगाह भरिभराउ भएको थियो।

नेपालमा बसी सूचना प्रविधिको काम गरी गने आयमा आयकरको दर ५ प्रतिशत आयकर लाग्ने र त्यो नै अन्तिम हुने पौडेलले बताए। साथै सूर्तीजन्य पदार्थ तथा मदिरामा करको दर बढाउने घोषणा उनले गरे।अर्थमन्त्री पौडेलले भ्याट, अन्तःशुल्क र आयकर कानुनमा परिमार्जन गर्ने उनले बताए। यसैगरी भ्याटमा बहुदर लगाउन अध्ययन गर्ने घोषणा पनि उनले गरे। सूचना प्रविधिमा आधारित उद्योग र होटललाई आयकर छुट दिने घोषणा उनको छ।

फुटबल, क्रिकेट र रंगशालाका लागि आयतमा १ प्रतिशत मात्रै भन्सार लिने उनले बताए। ग्रिन हाइड्रोजनको मेसिनरी आयातमा भन्सार छुट दिने, सौर्य ऊर्जाका लागि ब्याट्री आयात गर्दा १ प्रतिशत भन्सार लिने उनले बताए।

विद्युतीय सवारीसाधन एसेम्बलिङ उद्योगलाई १ प्रतिशत मात्रै भन्सार लाग्ने उनको भनाइ छ। निजी क्षेत्रले टनेल बोरिङ मेसिन आयात गर्दा १ प्रतिशत भन्सार लिने उनले बताए।

डिजिटल भुक्तानी समायोजनमा लाग्दै आएको भ्याट खारेज गरिएको छ। त्यस्तै विभिन्न फलफूल तथा तरकारीको आयातमा लाग्दै आएको अग्रिम आयकर पनि खारेज भएको छ।

राजस्व छुटमा एम्बुलेन्स आयात गर्दा लाग्दै आएको १६ रुपैयाँको सीमा हटाइएको उनले बताए। अर्थमन्त्री पौडेलले कर परिपालना सुधार, राजस्व प्रणालीको उत्पादकत्व सुधार, करको दायरा फराकिलो बनाउने तथा करदातामैत्री राजस्व प्रणाली बनाउने घोषणा पनि गरे।

***खेलकुद क्षेत्रमा अहिलेसम्मकै बढी बजेट***

सरकारले खेलकुद क्षेत्रका लागि अहिलेसम्मकै बढी बजेट विनियोजन गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा रु तीन अर्ब ५० करोड बजेट विनियोजन गरिएको थियो। यसपटक रु दुई अर्ब ५६ करोड वृद्धि गरिएको हो।

सरकारले कर्णाली प्रदेशमा आयोजना गरिने १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि रु ५४ करोड विनियोजन गरेको छ। काठमाडौँको मुलपानी क्रिकेट रङ्गशाला, मोरङको गिरिजाप्रसाद कोइराला रङ्गशाला, कैलालीको फाप्ला क्रिकेट रङ्गशाला र रुपन्देहीको सिद्धार्थ रङ्गशाला निर्माणका लागि रु ४२ करोड रकम विनियोजन गरेको छ। यस्तै कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालाको स्तरोन्नतिका लागि सरकारले रु ४० करोड रकम विनियोजन गरेको छ। झापाको दमकमा सवै प्रकारका खेल प्रतियोगिता सञ्चालन गर्न सकिने आधुनिकस्तरको अन्तरराष्ट्रिय स्तरको रङ्गशाला निर्माण गर्ने बजेटमा उल्लेख गरिएको छ।

चितवनस्थित गौतमबुद्ध क्रिकेट रङ्गशालाको सिर्जित सम्पति खरिद गर्न सशर्त अनुदानको व्यवस्था गरेको छ। अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता नेपाली खेलाडीलाई प्रोत्साहन गरिने र उनीहरुका सन्ततिका लागि शैक्षिक छात्रवृद्धि प्रदान गरिने बजेटमा उल्लेख छ। खेल विधाको विविधीकरण र खेल पर्यटनको प्रवर्द्धन गर्न सरकारले सोलुखुम्बु, मुस्ताङ र जुम्लामा हाई अल्टिच्यूड स्पोर्ट्स स्टेडियम बनाउने बजेट मार्फत घोषणा गरेको छ। त्यसैगरी सरकारले राष्ट्रिय एन्टी डोपिङ एजेन्सी सञ्चलान गर्न आवश्यक बजेट विनियोजन गरेको छ भने खेलकुदमा महिला सहभागितालाई बढाउन प्रशिक्षण तथा अभ्यास कार्यक्रम सञ्चालन गरिने भएको छ। त्यस्तै उत्कृष्ट महिला खेलाडीलाई विशेष पुरस्कारको व्यवस्था गरिने बजेटमा उल्लेख छ।



### धेरै बजेट पाउने भाग्यमानी मन्त्रालयहरू

आगामी आर्थिक वर्षमा सबैभन्दा धेरै बजेट शिक्षा मन्त्रालयले पाएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई २ खर्ब ११ अर्ब बजेट विनियोजन गरिएको छ। त्यस्तै सबैभन्दा कम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई दिइएको छ। उसलाई २ अर्ब ८ करोड बजेट विनियोजन गरिएको छ।

त्यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई १ खर्ब ५२ अर्ब, सहरी विकास मन्त्रालयलाई १ खर्ब १८ अर्ब, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई ९५ अर्ब ८१ करोड, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई ८६ अर्ब १ करोड र कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई ५७ अर्ब ४८ करोड बजेट विनियोजन गरिएको छ।

त्यस्तै खानेपानी मन्त्रालयलाई ३३ अर्ब ८९ करोड, वन तथा वातावरण मन्त्रालयलाई १८ अर्ब ६१ करोड, संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयलाई १३ अर्ब २८ करोड, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई १० अर्ब १४ करोड र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई ७ अर्ब ७२ करोड बजेट विनियोजन गरिएको छ। त्यस्तै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई ७ अर्ब ४९ करोड, युवा तथा खेलकुद मन्त्रालयलाई ६ अर्ब ८ करोड र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई ४ अर्ब २८ करोड बजेट विनियोजन गरिएको छ।

## राजावादीहरुले आज पनि प्रदर्शन गर्ने



दैनिक समाचारदाता


काठमाडौं, १५ जेठ। १५ जेठका लागि राप्रपासहितका राजावादी समूहले तोकेको प्रदर्शन कार्यक्रम शान्तिपूर्ण रुपमा सकिएको छ। कार्यक्रम अवधिभर घुसपैठ गर्न खोजेको आरोपमा राप्रपा नेता, कार्यकर्ताले ३ जनालाई समातेर प्रहरीको जिम्मा लगाएका छन्। बिहीबारको कार्यक्रमबाट एउटा सन्देश गएको भन्दै राजतन्त्र नआउञ्जेल यो प्रदर्शन गरिरहने नेता कमल थापाले बताए।

'जहाँ जहाँबाट तपाईंहरु समूहमा आउनु भयो, त्यही ठाउँमा भोलि १२ बजे जम्मा भएर फेरि जुलुस हुँदै काठमाडौंका सबै शहरमा नारा जुलुस लगाउँदै, काठमाडौंलाई उठाउँदै जगाउँदै आउनु होला', उनले कार्यकर्तालाई आह्वान गर्दै भने, 'दिनको १ बजेसम्ममा माइतीघर मण्डला र विजुली बजार क्षेत्रमा आउनु होला।'

प्रदर्शन सकिएपछि भएको सभामा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पनि यो कास्टिङ मात्र भएको भन्दै व्यवस्था परिवर्तन नभएसम्म आन्दोलन निरन्तर हुने बताए।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नु
www.esamachardainik.com


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# गणतन्त्र दिवसको सार्थकता

नेपालको गणतान्त्रिक यात्रा लामो छैन तर यसबीच नेपालले लोकतान्त्रिक संघीय गणतन्त्रको अभ्यास, संरचना र संयन्त्रलाई क्रमशः अग्रगति दिँदैछरु। यसैक्रममा हरेक वर्ष जेठ १५ गतेलाई गणतन्त्र दिवसका रूपमा मनाइँदै आएको छरु। शहीद, प्रजातन्त्र, गणतन्त्रका दिवसले नेपालको राजनीतिक परिवर्तन, जनताको अदम्य अठोट तथा संघर्षको इतिहास झल्काउँछन्रु। तिनले अबको मुलुकी यात्रा, जनताको

आकाङ्क्षा र गन्तव्यको सारभूत समीक्षा र संकल्प गर्न पनि प्रेरित गर्छन्रु। राजनीतिक परिवर्तनको यात्रामा हामी कहाँ थियौँ, हाम्रा पाइताला कहाँ थिए र अब पुग्नुपर्ने कहाँ हो भनेर पुनर्मूल्याङ्कन गर्न यस्ता दिवसले उत्प्रेरित गर्नेछन्रु।

नेपालमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रका लागि पटक पटक आन्दोलन भएका छन्रु। पटक पटकका पुस्ताले आन्दोलन गरेकाले ती आन्दोलन, आन्दोलनका तिथिमिति र उपलब्धि इतिहासमा सुनौला अक्षरले लेखिएका छन्रु। तिनलाई जनताको स्मृतिमा सुरक्षित राख्न र तिनका भावना आत्मसात् गरी उद्देश्य प्राप्ति निम्ति अग्रसर हुनसक्दा आन्दोलनमा योगदान दिएका सबैको योगदानको सम्मान अक्षुण्ण हुन्छरु। अन्यथा यस्ता योगदानमाथि कालो बादलको ओझेल पर्नेछरु।

आजको दिनलाई महापर्वको दिनमा पनि मनाउनुपर्छ । तर गणतन्त्रलाई केही व्यक्तिले दुरुपयोग गरेकोप्रति सन्तुष्टि पनि त्यतिकै बढको पनि छ । गणतन्त्रलाई आज स्मरण गर्ने दिन मात्र होइन, यस दिनलाई समीक्षा गर्ने पनि दिनको रुपमा बुझ्नुपर्छ । केही दिनदेखि राजाका समर्थकहरुले राजा ल्याउनका लागि आन्दोलित छन् । गणतन्त्रप्रतिको असन्तुष्टिको उपजको रुपमा यसलाई मान्नुपर्छ । जनताले गणतन्त्रमा वाक स्वतन्त्रता पाएकै छ । अधिकारका लागि लड्ने छुट छँदैछ । यसका साथै गणतन्त्र स्थापनापछि जनतालाई जुन प्रकारले शान्ति सुव्यवस्था, सुशासन तथा महँगी नियन्त्रण पाउनुपर्नेमा त्यसमा विकृति बढ्कै हो । अर्को कुरा बेरोजगारीको संख्या बढेको छ । भौतिक संरक्षणाको विकास तिव्ररुपमा भएको छ भन्ने युवा पालयनको संख्यामा पनि सोही रुपमा बढेको छ । त्यसैले आजको दिनलाई गणतन्त्रका लागि लडेको योद्धाको स्मरण गर्ने दिन बुझ्नुपर्छ । उहाँको सपना सकार भएको छ, छैन, त्यसको समीक्षा गर्नुपर्छ । तब मात्र गणतन्त्रलाई सार्थक मान्न सकिन्छ ।

# गणतन्त्र दिवस :'गण'को भलो होस



धर्मेन्द्र झा

आज नेपालमा गणतन्त्र स्थापना भएको १७ वर्ष पूरा भएको दिन । यसै खुसियालीमा देश आज गणतन्त्र दिवसको उत्साहमा छ । सत्र वर्षपहिले आजैको दिन अर्थात् जेठ १५ गते नेपाल औपचारिकरुपमा लोकतान्त्रिक गणतान्त्रिक देशका रुपमा स्थापित भएको हो । नेपालको संविधान २०७२ ले यस यथार्थलाई स्वीकार गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल भनेर देशकै नामाकरण गर्दै जेठ १५ को उपलब्धिलाई संस्थागत गर्ने प्रयत्न गरेको छ । विद्यमान राजनीतिक विश्लेषणका आधारमा भन्न सकिन्छ, आजको सन्दर्भमा नेपालका सामु दुईवटा चुनौती छन् । पहिलो, सङ्घीय गणतन्त्रको कार्यान्वयन र दोस्रो संविधानको कार्यान्वयन । संविधानअनुसार यी दुवै चुनौती पार लगाउने मुख्य जिम्मेवारी सङ्घीय सरकारकै हो भन्ने कुरामा शङ्का छैन । तर यो कार्य त्यति सहज छैन । खासमा सङ्घीय सरकारका सामु विगतदेखि नै केही सीमितता विद्यमान रहँदै आएका छन् र त्यसै आधारमा भन्न सकिन्छ, नेपाल र नेपालीले अपेक्षित उपलब्धि प्राप्त गर्न केही ढिलाइ भएको पक्कै पनि हो । तर यसै आधारमा गणतन्त्रविरुद्ध कसैले भाष्य निर्माण गर्न खोज्दछ भने त्यो गलत हो । रह्यो देश र जनताले प्राप्त गरेको उपलब्धिको कुरा, त्यो त उपलब्ध तथ्याङ्कको तुलनात्मक अध्ययन गरेर जो सुकैले पनि निष्कर्ष निकाल्न सक्छन्-गणतन्त्रको यो १७ वर्षमा देशमा अतुलनीय विकास भएको छ । तथ्य तथ्याङ्कले बोल्दछ- भौतिक पूर्वाधार निर्माणमा युगान्तकारी उपलब्धि प्राप्त भएका छन् ।

विगतमा सम्पन्न निर्वाचनहरुले कुनै पनि राजनीतिक दललाई बहुमत प्रदान नगर्दा सङ्घमा सरकार बनाउन गठबन्धनको संस्कृति एक किसिमले अनिवार्य जस्तै हुन पुगेको छ र यसले सरकारहरु समस्याग्रस्त बन्ने र बन्न सक्ने अवस्थालाई अस्वीकार गर्न सकिने स्थिति छैन । राजनीतिको यही तरल अवस्थामा हिजो जसका विरुद्ध जनआन्दोलन भएर देशमा गणतन्त्र स्थापित भएको थियो, आज त्यही वर्ग आफूहरुलाई पनि शक्ति मानिदिन दबाब दिने नाममा सडकको साथ खोज्ने जमर्को गर्दैछ । स्पष्ट शब्दमा भन्ने हो भने, हिजोका राजतन्त्र समर्थकहरुले झस्केलाबाट राजतन्त्र स्थापनाको कुरा उठाउन थालेका छन् । उनीहरुले आजैको दिन (जुन दिन नेपालमा गणतन्त्र स्थापित भएको थियो) लाई आफ्नो अभिष्ट पूरा गर्ने दिनका रुपमा प्रयोग गर्न चाहेका छन् । देशमा कुनै पनि नाममा अशान्ति स्वीकार्य छैन, हुनुहुन्न । लोकतन्त्रमा आफ्नो विचार अभिव्यक्त गर्ने स्वतन्त्रता सबैलाई छ । तर बहुसङ्ख्यकको धारणा र विचारलाई अस्वीकार गरेर आफ्नो कुरा भन्ने नाममा कुनै अप्रिय स्थिति निम्तिन्छ भने त्यसको जिम्मेबार सम्बद्ध पक्ष नै हुनुपर्ने विश्वव्यापी मान्यता हो । यसको हेक्का सबैलाई हुनु अपरिहार्य छ । यो सबै परिदृश्यमा कुरा गर्दा भन्न सकिन्छ, सहमति र संवादको राजनीतिको फेरि पनि विकल्प छैन । वर्तमान सरकार, प्रतिपक्षलगायत देशका सबै राजनीतिक दलले यस विषयमा गम्भीर हुनु जरुरी छ । कुनै पनि समस्याको समाधानका लागि संवाद अपरिहार्य छ । संविधानको दायराभित्रै रहेर समाधान पहिल्याउनु आवश्यक छ । संविधान बाहिर रहेर खोजिने समाधान देश र जनतालाई स्वीकार्य हुन नसक्ने यथार्थबाट कोही पनि पन्छिनु उचित हुँदैन ।

आपसमा सहमति खोज्दै गणतन्त्र र संविधान कार्यान्वयनको प्रक्रियालाई अगाडि बढाउने वाचा राजनीतिक दलका नेताहरुले गर्दै आएका हुन्, तर पछिल्ला दिनमा राजनीतिक दलबीचको संवाद प्रक्रिया कमजोर पो बन्न थालेको हो कि भन्ने अवस्थाको निर्माण हुन खोजेको छ । यसो हो भने यो दुःखदायी छ । संविधानमा आवश्यक संशोधन गरेर सङ्घीयता र गणतन्त्रलाई थप प्रभावकारी बनाउने भन्ने उद्देश्यले संसद्का दुई ठूला दल मिलेर वर्तमान सरकारको गठन भएको हो । यस आधारमा भन्ने हो भने वर्तमान सरकारको मूल एजेण्डा नै सङ्घीयता र गणतन्त्रलाई सशक्त बनाउने हो । आशा गरौँ, सरकारले त्यस दिशामा पक्कै पनि गृहकार्य गरिरहेको नै होला । विगतमा संविधान निर्माणका सन्दर्भमा सबैभन्दा बढी विवाद भएको र सहमति कायम हुन नसकेको एउटा महत्वपूर्ण विषय भनेको सङ्घीयताको स्वरुप र आधार पनि हो । जो प्रत्यक्षतः गणतन्त्रको कार्यान्वयनसँग सम्बन्धित थियो र छ, यसमा शङ्का छैन । प्रारम्भबाटै केहीले सङ्घीयतालाई जातीय र क्षेत्रीय आधारमा प्रदेश विभाजन गर्ने एजेण्डाका रुपमा लिए भने केही यसको विपक्षमा उभिँदै बहुजातीय पङ्तिमा उभिए । देशलाई कति प्रान्तमा विभाजन गर्ने भन्ने कुरामा केन्द्रित भएर प्रदेशको सङ्ख्या कति हुने भन्ने प्रश्नबाट सङ्घीयताको बहसको थालनी भयो । वास्तवमा यो प्रारम्भ नै गलत प्रक्रिया र दृष्टिकोणमा आधारित थियो भन्दा अस्वभाविक हुँदैन । दलहरुबीच कुनै पनि संवाद नभइकनै बहसको रुपमा देखा परेको यो विषय अहिले पनि बहसकै विषय छ, भन्दा असङ्गत ठहर्दैन । तर हाल सङ्घीय संरचनाको निर्धारणपछि निर्वाचनसमेत सम्पन्न भइसकेको र प्रदेश सरकार पनि गठन भइसकेको पृष्ठभूमिमा बहसलाई कुन दिशामा निर्देशित गर्ने भन्नेबारे पनि बहस अपेक्षित छ ।

खासमा नेपालको सन्दर्भमा सङ्घीयता र गणतन्त्रलाई अलग गरेर हेर्न सकिँदैन । सङ्घीयताको कार्यान्वयनमा समस्या आउनु भनेको समग्रमा गणतन्त्रकै कार्यान्वयनमा समस्या आउनु हो भन्ने कुरा बिर्सन मिल्दैन । विगतमा सङ्घीयता निर्माणका सन्दर्भमा त्यसको सैद्धान्तिक आधारमाथि गम्भीर र अर्थपूर्ण रुपले कतै बहस हुन पाएन या भनौँ सार्थक संवाद हुन पाएन । त्यसैले यस सम्बन्धमा अहिले पनि केही असहमति र असन्तुष्टि विद्यमान छन् । अहिले पनि अबेर भइसकेको छैन, यस विषयमा संवाद अगाडि बढाइनुपर्छ । राजनीतिक दलबीच विस्तृत सहमति कायम हुन्छ भने, प्रदेश निर्माणसम्बन्धी बहसलाई सैद्धान्तिक आधारमा अगाडि बढाइनुपर्छ । केही राजनीतिक दलले अझै पनि सङ्घीयता, प्रदेश र गणतन्त्रलाई स्वीकार गरिसकेका छैनन् । उनीहरु आफ्नो शर्तमा लोकतन्त्रको व्याख्या र उपयोग गर्न चाहन्छन् । अहिले उनीहरुले खोजेको सडकको साथ पनि यसै मनोदशाको प्रकटीकरण हो । तर प्रश्न उठ्न सक्छ, सङ्घीयता, प्रदेश र गणतन्त्र अस्वीकारलाई संविधानविरुद्धको कृत्य मान्ने कि नमान्ने ? अभिव्यक्ति स्वतन्त्रताका नाममा संविधान विरोधीकार्य कसैबाट हुन्छ भने तिनै शक्तिले हिजोको राजनीतिक पृष्ठभूमिमा अडिएर जवाफ दिने हैसियत राख्नु जरुरी छ । हेक्का रहोस्, असैद्धान्तिक रुपमा हुने बहसले कुनै निष्कर्ष निकाल्न सक्दो रहेनछ भन्ने दृष्टान्त हाम्रै विगत हो ।

उपयुक्त सबै विषयको छिनोफानो संवाद र सहकार्यबाट हुनसक्छ । हामी सबै सार्थक संवादका लागि आवश्यक वातावरण निर्माणमा जुट्नु जरुरी छ । संवादका लागि प्रशस्तै मञ्च (फोरम)हरु छन् । जनस्तरमासमेत छलफल र संवाद हुने अवस्था छ । विभिन्न गैरसरकारी संस्था पनि संवादका लागि उपयुक्त मञ्चका रुपमा स्थापित छन् । तर पनि राजनीतिक नेतृत्वले सहमतिमा रुचि नदेखाउँदासम्म अन्य फोरममा अर्थपूर्ण संवादहरु हुन सक्दा रहेनछन् । यस्ता प्रशस्त उदाहरण हाम्रासामु छन् । त्यसकारण संवादलाई अगाडि बढाउँदै निकासका लागि अन्तरआत्मादेखि नै सबै सरोकारवाला प्रेरित हुनु जरुरी छ । यही अन्तरमनको प्रेरणाले मात्र सबैलाई सकारात्मकतातर्फ उन्मुख हुन प्रेरित गराउन सकिन्छ । सकारात्मक सोचतर्फको यात्राले मात्र संविधान, सङ्घीयता र समग्रमा गणतन्त्रको कार्यान्वयन प्रक्रियालाई अगाडि बढाउन सक्दछ । त्यसकारण अब तर्कका तर्क गरेर, एउटाको कुरा अर्कोले काटेर समस्याको समाधान हुँदैन भन्ने यथाशीघ्र बुझ्नु युक्तिसङ्गत हुन्छ । हामी बेलैमा सचेत नभए देश फेरि द्वन्द्वको अन्त्यहीन भूमरिमा फस्न सक्ने सम्भावनालाई कुन आधारमा अस्वीकार गर्ने ? त्यसकारण सबैले आफू र आफ्नो दलको भूमिका खोजी गर्नेभन्दा पनि गणतन्त्रको कार्यान्वयनमा बिना शर्त होमिनु उचित हुन्छ । आफ्नो तत्कालिक भूमिका खोज्नेभन्दा नेपालको वास्तविक समस्याको समाधानमा योगदान दिन सकियोस् भन्नेतर्फ सबै सरोकारवालाले केन्द्रित हुनु उचित हुन्छ ।

कसैलाई दोष दिएर समस्याको समाधान खोज्न सकिँदैन । गणतन्त्र कार्यान्वयनको एकलव्य लक्ष्यमा सबै केन्द्रित हुनु जरुरी छ । यस मार्गमा संविधान र सङ्घीयता कार्यान्वयन उचित र सार्थक मार्ग हुनसक्ने कुरा कसैले विर्सन मिल्दैन । हो, कार्यान्वयनका सन्दर्भमा कहीँ राजनीतिक गाँठो पर्न सक्छ, जहाँनिर गाँठो पर्छ, त्यहाँ फुकाउने संयोजकको भूमिका सरकारले निर्वाह गर्ने हो । दायित्व बोकेकाहरुले दायित्व बहन नगरेपछि सरकारले नै अग्रसर भएर संवाद प्रक्रियालाई निरन्तरता दिन आवश्यक छ । यसका लागि नागरिकस्तरबाट पनि चासो र आवश्यक दबाबको जरुरत पर्दछ । संवादहीनताको अन्त्य गर्दै मुलुकलाई अहिलेको अपेक्षित 'कोर्स' मा सफलतापूर्वक डोऱ्याउनु सबैको दायित्व हो । जय लोकतन्त्र । जय गणतन्त्र । *(लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ) रासस*

## तपाईको आज

| | |
|---|---|
| मेष | : मानसम्मान वृद्धि होला |
| वृष | : प्रेम सम्बन्धमा खटपट आउनेछ |
| मिथुन | : पुरानो मित्रसँग भेटघाट होला । |
| कर्कट | : मानसिक विचलनता बढ्नेछ । |
| सिंह | : व्यवसायिक यात्राको योग रहला |
| कन्या | : मांगालिक कार्य सम्पन्न होला |
| तुला | : प्रेम सम्बन्ध प्रगाढ बन्नेछ |
| वृश्चिक | : जमिनसम्बन्धी कारोबार शुभ रहला |
| धनु | : शारीरिक समस्या उत्पन्न होला |
| मकर | : कृषि कार्यमा व्यस्तता रहला |
| कुम्भ | : सरकारी काममा सफल बनिएला |
| मीन | : छोटो दूरीको यात्राको योग छ । |

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# रङ्गमञ्चमा रेखाको इन्ट्री

अशेष अधिकारी

करिब एक महिनादेखि नेपाली सिने उद्योगकी पहिलो महिला सुपरस्टार रेखा थापा झण्डै साढे दुई दशकदेखि आफू व्यस्त रहेको क्षेत्रभन्दा फरक अवस्थामा आफ्नो दैनिक चारदेखि पाँच घण्टा व्यतित गरिरहनुभएको छ। 'हिरो' फिल्मबाट नेपाली रजतपटमा डेब्यू भएकी 'स्टार' अहिले ठूलो पर्दाको आकाशबाट नाटकको धर्तीमा आफूलाई अभ्यस्त गराइरहनुभएको छ। अर्थात उहाँ आफ्नो अभिनय करियरमा पहिलोपटक मञ्चमा मञ्चित हुनुहुँदैछ।

कान्तिपुर थिएटर, गैरीधारामा आज जेठ १५ गते पहिलोपटक दीपक सिंजाली लिखित तथा सुन्दर धिताल निर्देशित 'मीरा'बाट डेब्यू हुन लागेको संयोग सुनाउँदा उहाँ केही कौतुहलतासहितको एउटा फरक उत्साह अनुभूत गरिरहनु भएको छ। नाटकका लागि केही वर्षअघि दुईवटा नाटक गर्ने प्रस्ताव आएको थियो। त्यो लकडाउनको सेरोफेरोमा आएको प्रस्ताव थियो। तर आफ्नो व्यस्त दैनिकीले नाटकका लागि दिनुपर्ने एक डेढ महिनाको समय उहाँका लागि त्यतिबेला सम्भव थिएन, त्योसँगै उहाँलाई नाटकमा गर्छु वा गर्ने भन्ने आत्मविश्वास पनि नभएको उहाँले बताउनुभयो।

'रिहर्सल अनि दैनिक मञ्चनजस्ता कुरा मेरा लागि फरक संसार जस्तो कुरा थियो। समय व्यवस्थापनमा नै समस्या देखेकाले मैले त्यतिबेला चासो दिइन', उहाँले भन्नुभयो। तर यसपटक कसरी उहाँको मञ्च उक्लने कुरा सम्भव भयो त ? यो सम्भव गराउने काम कान्तिपुर फिल्म एकेडेमी तथा कान्तिपुर थिएटरका संचालक प्रकाश पुरीको मुख्य हात रहेको उहाँको भनाइ छ।

पुरीले स्क्रिप्ट राइटरका रूपमा रेखा फिल्म्सबाट नै डेब्यू गर्नुभएको हो। 'प्रकाशले नाटकघर सञ्चालन गर्न लाग्नुभएको र म आफैँले उहाँको क्षमता देखेर डेब्यूसमेत गराएकाले उहाँमाथिको विश्वास र समय संयोजन गर्न सक्ने दुबै संयोग मिलेकाले नाटक गर्ने निर्णय गरें', उहाँले भन्नुभयो। उहाँलाई यतिले मात्र नभई 'मीरा' उपन्यासको कथाले पनि बलियो गरी आकर्षण गऱ्यो।





'कथा सुनेपछि १५ दिन 'मीरा'को जीवन एकपटक जिएर हेरौँ न भनेर हो। मीरा एउटा सच्चा क्रान्तिकारी हो। ऊ भावुक पनि छ। समाज र परिवारका बन्धनले उसलाई कसरी भित्रभित्र खाइरहेको छ र त्यो कुरालाई ऊ कसरी सामना गर्छे भन्ने कुराले मलाई मञ्चमा 'मीरा' हुन मन लाग्यो', उहाँले भन्नुभयो। थापाका अनुसार प्रेमका विभिन्न प्रकारहरू देखिने र तिनमा समाजका विविध कुराको प्रभाव र असर पर्ने गरेको छ। प्रेममा जातका कुरा, समुदायका कुरा, आर्थिक वर्गका कुरा, समाजका कुरा तथा दुई परिवारका द्वन्द्वलगायतका कुराहरूले प्रभाव पार्ने उहाँ बताउनुहुन्छ।

मीरा' नाटकमा यसकी शीर्षक पात्र 'मीरा'को प्रेमकथा हामीले आमरूपमा सोच्दै-हेर्दै-देख्दै-पढ्दै आएको प्रेमकथाहरूभन्दा फरक भएको उहाँको भनाइ छ। 'एउटा यस्तो फरक प्रेमकथा छ, जुन तपाईं हामीले झट्टै सोचिहाल्ने वा अनुमान गरिहाल्ने किसिमको छैन। त्यो प्रेमकथामा वास्तविक जीवनकी रेखा थापा थियो भने त्यही प्रकारको विद्रोह गर्न सक्थी ? के उसले त्यो प्रेम गर्न सक्थी ? कसलाई छनोट गर्थी होला ? समाज, परिवार, प्रेमी या प्रेममा कृष्णकी मीराझैँ हुन्थी ? यस्ता प्रश्नको उत्तर यो नाटकमा छ', उहाँले भन्नुभयो।

त्यसैगरी थापाले आफूलाई एउटा विद्रोही अभिनेत्रीका रूपमा हेरिने भए पनि आफूमा 'मीरा' पात्रको झैँ विद्रोही नभएको बताउनुभयो। 'प्रेमको मामिलामा त मैले विद्रोह नै गर्न पाइन। समाजसँग जुन विद्रोह गर्ने रेखा थापा छ, अन्याय अत्याचारविरुद्ध, पात्र त्यस्तै हो तर मीरा अझ बढी सशक्त र विद्रोही हो', उहाँले भन्नुभयो। यसैगरी नाटकको अभिनय र सिनेमाको अभिनय दुबै अभिनय नै भए तापनि थापाको एक महिनाको अनुभवले उहाँ यसलाई बिना एक्सन-कटको फिल्म मान्नुहुन्छ। 'दुबैमा प्रयोग हुने त अभिनयका नवरस नै हुन्, तर यसमा एक्सन-कट, टेक-रिटेक भन्ने हुन्न। रिहर्सल पढाइ हो भने मञ्चन त्यसको परीक्षा जहाँ उत्कृष्ट हुनु जरुरी छ, जस्ट पास भन्ने नै हुँदैन', उहाँले भन्नुभयो, 'दर्शकसँग प्रत्यक्ष रहेर गर्ने काम हो। म मेरो पात्रमा सजीव हुनुपर्छ। यसमा भेटेको फरक भनेको शुद्धता, किनकि यसमा एडिटिङ भन्ने हुन्न, भ्वाइस डब भन्ने हुन्न, अलिकति ठूलो स्वरमा बोल्नुपर्छ। एउटै रफ्तारमा बहनुपर्छ।'

नाटकलाई लिएर उहाँ अहिले आत्मविश्वासमा हुनुहुन्छ भने यो महिना दिनको अवधिले उहाँलाई 'हिरो' फिल्मबाट डेब्यू हुनुअघिको तयारीका दिनहरूको सम्झना गराइरहेको स्मरण गर्नुभयो। 'जीवनमा म दोस्रोपटक यसरी अभ्यास गरिरहेकी छु। 'हिरो' फिल्ममा डेब्यू हुने भएपछि १६ वर्षकी रेखा थापाले नृत्य र अभिनयको प्रशिक्षण लिएको सम्झना मलाई यतिखेर भइरहेको छ। विश्व बस्नेत (अन्याय फिल्मका नायक) ले अभिनय सिकाउनुहुन्थ्यो भने कमल राईले नृत्यको अभ्यास गराउनुहुन्थ्यो। आज २४ वर्षपछि म फेरि १८ वर्षकी मीरा हुने अभ्यास गरिरहेकी छु। यसमा दुईवटा मीरा छन्- एउटा १७-१८ वर्षकी र अर्को ३५-३६ वर्षकी। मलाई अहिलेको अभ्यासले पहिलाकै ऊर्जा बोकेकी रेखा थापा भएको अनुभव भइराखेको छ। अभ्यास गरिरहँदा पहिलो फिल्ममा डेब्यू गर्दाको अनुभव अहिले मलाई भइरहेको छ।'

यस्तै, सिनेमामा अभिनय गर्ने रेखा र अब नाटकमा देखिने अभिनेत्री रेखामा फरक अनुभव गरिरहेको उहाँले बताउनुभयो। 'यहाँ अझ बढी राम्रोसँग अभिनय गर्न पाइन्छ। एक्सन-कट हुँदैन, पात्रको संवेगसँग बग्नुपर्छ। एउटा लयमा बग्न पाइन्छ। अझ राम्रो प्रस्तुति 'मीरा'मा हुनेछ भन्ने मेरो विश्वास छ', उहाँले भन्नुभयो। आगामी दिनमा नाटकमा पुनः रेखा थापा मञ्चित हुने-नहुने कुरा आफूलाई आउने नाटकका प्रस्तावमा भर पर्ने उहाँले बताउनुभयो। समय जुर्दा आगामी दिनमा राम्रा कथा भएका नाटकलाई स्वीकार गर्ने उहाँको भनाइ छ। 'मेरा लागि रङ्गमञ्च होस् या सिनेमा, अभिनय उत्तिकै सम्मानीत र प्रगाढ भएर बसेको छ। त्यसैले नाटकका लागि भविष्यमा पनि म खुला नै हुनेछु', उहाँले भन्नुभयो।

एक महिने नाटक जीवनपछि थापाको नजरमा नाटक एउटा साधना र ध्यानजस्तो भएको अनुभव हुन गएको छ। अब रेखा १५ गतेको पर्खाइमा हुनुहुन्छ। त्यतिखेर दर्शकका लागि आफू एउटा 'सरप्राइज' बनेर आउनेमा ढुक्क हुनुहुन्छ। यो नाटकले थापालाई धेरै उत्साह भरेको छ। उहाँ यो नाटकलाई मञ्चबाट बाहिर लाने सोचमा पनि रहनुभएको छ। 'हुनसक्छ यो सिनेमा नै बन्नेछ, तर त्यो नभएमा सिरिजका रूपमा निश्चित रूपमा आउनेछ। मैले यसका लागि निर्देशक सुन्दर धितालसँग कुरा गरिराखेकी छु।'

कुराकानीका क्रममा साथै रहेका निर्देशक सुन्दर धितालले सुरुमा नाटकका लागि प्रस्ताव गर्न केही हिच्किचाएको भए पनि प्रस्ताव गरिसकेपछि अभिनेत्री थापालाई पूर्ण रूपमा एउटा निर्देशकको कलाकारका रूपमा भेटेको सुनाउनुहुन्छ। निर्देशकका कलाकारका रूपमा उपस्थित भएकाले थापालाई नाटक गराउन सहज भएको र आफूले चाहेको आकारमा नै उहाँले बताउनुभयो। 'मलाई उहाँसम्म पुग्न कठिन थियो सुरुमा, तर कान्तिपुर एकेडेमीमा आएर प्रकाश सरसँग कुरा गरेपछि सरले म उपन्यास पढ्छु भन्नुभयो। उहाँले "दिदी पनि बगाले थापा हो र पात्र पनि, एकपटक कुरा गर्ने हो" भन्नुभयो। अनि उहाँलाई सोधियो, उहाँले सुन्छु भन्नुभयो। उहाँले मन पराउनुभयो र गर्न तयार हुनुभयो। तर सुरुमा मलाई यो चिज असम्भव लागिरहेको थियो', उहाँले भन्नुभयो। नाटक जेठ १५ गते बिहीबारबाट असार ७ गतेसम्म प्रत्येक दिन बुधबार बाहेक ५:३० बजे मञ्चन हुनेछ। रासस

# वैदेशिक रोजगारीको सिलसिलामा ९७४ कामदारको मृत्यु : आर्थिक सर्वेक्षण

काठमाडौँ, १५ जेठः वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ६४ लाख नाघेको छ। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा आज संघीय संसद्मा प्रस्तुत आव २०८१/८२ को आर्थिक सर्वेक्षणका अनुसार २०८१ फागुन महिनासम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या ६४ लाख ६१ हजार १९ पुगेको छ। नयाँ श्रम स्वीकृति लिनेमा महिला ६ दशमलव सात प्रतिशत र पुरुष ९३ दशमलव तीन प्रतिशत रहेको छ।

चालु आवको फागुनसम्म वैदेशिक रोजगारीका लागि संस्थागत रुपमा १११ देशलाई खुला गरिएको छ। एक हजार ६७० म्यानपावर कम्पनीलाई श्रमिक पठाउन इजाजतपात्र प्रदान गरिएको छ। चालु आवको फागुनसम्म नवीकरणसहित नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या पाँच लाख ३४ हजार ४७१ पुगेको छ। यसमध्ये महिला ११ दशमलव तीन प्रतिशत र पुरुष ८८ दशमलव सात प्रतिशत रहेका छन्।

सर्वेक्षणका अनुसार औपचारिक क्षेत्र, वैदेशिक रोजगार, अनौपचारिक क्षेत्र र स्वरोजगार क्षेत्र गरी करिब २० लाख ८० हजार श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सङ्ख्या ३७ लाख ६ हजार ३८९ पुगेको छ। गत आवको यस्तो सङ्ख्या ३८ लाख २९ हजार ४७३ रहेको थियो।

यस्तै, प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत आव २०८१/८२ को फागुनसम्म ७४३ स्थानीय तहमा सात लाख ९७ हजार ७२५ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन्। आव २०८०/८१ मा ७३५ स्थानीय तहमा आठ लाख ८५ हजार १५३ बेरोजगार व्यक्ति सूचीकृत भएकामा ६४ हजार ७३३ जनाले औसत ७९ दिनको रोजगारी प्राप्त गरेका थिए।

आव २०८१/८२ को फागुनसम्म इपिएस प्रणालीमार्फत सात हजार ५०९ जना नेपाली कामदार दक्षिण कोरिया गएका छन्।

यस्तो सङ्ख्या आव २०८०/८१ मा १० हजार ८५५ रहेको थियो। चालु आवको फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारमध्ये सबैभन्दा बढी युएई जान श्रम स्वीकृति लिने रहेका छन्। गत आर्थिक वर्षमा पनि नेपाली कामदारका लागि युएई पहिलो रोजाइको मुलुकका रूपमा रहेको थियो।

चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारीको सिलसिलामा ९२२ पुरुष र ५२ महिला गरी ९७४ नेपाली कामदारको मृत्यु भएको छ। यस अवधिमा मृतकका परिवारका सदस्य तथा नजिकका हकदारवालाले क्षतिपूर्तिबापत रु ६५ करोड ६७ लाख ६० हजार प्राप्त गरेका छन्। चालु आवको फागुनसम्म वैदेशिक रोजगारीका क्रममा शारीरिक रूपमा अङ्गभङ्ग तथा बिरामी भएका ३१७ पुरुष र १९ महिला गरी ३३६ कामदारले आर्थिक सहायताबापत रु १४ करोड ७४ लाख ८८ हजार प्राप्त गरेका छन्।

यस्तै, आव ०८१/८२ को फागुनसम्म ५८६ गैरनेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरिएको छभने एक हजार ८१ जना गैरनेपाली नागरिकको श्रम स्वीकृति नवीकरण गरिएको छ। गत आर्थिक वर्षको सोही अवधिमा ५८९ गैर-नेपालीलाई श्रम स्वीकृति र ८५० गैर-नेपालीको श्रम स्वीकृति नवीकरण गरिएको थियो।

तीन तहको सरकारको साझेदारीमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम चौथो चरण (२०२४-२०२८)मा ६८ जिल्लाका २६७ स्थानीय तहमा सञ्चालनमा रहेको छ। उक्त कार्यक्रमबाट चालु आवको फागुनसम्म चार लाख ५४ हजार २३१ व्यक्तिले वैदेशिक रोजगारसम्बन्धी सेवा प्राप्त गरेका छन्। पेसागत वर्गीकरणबमोजिमको दक्ष कृषि, वन तथा माछापालन श्रमिक समूहमा तलब सूचकाङ्क सबैभन्दा बढी पाँच दशमलव तीन प्रतिशतले बढेको छ। रासस



# मधेश सरकारद्वारा गणतन्त्र दिवसमा एक दर्जन प्रेस स्वतन्त्रता सेनानी सम्मानित

दैनिक समाचारदाता
जनकपुरधाम, १५ जेठ। गणतन्त्र दिवसको अवसरमा मधेश प्रदेश सरकारले मधेश प्रदेशका १२ जना प्रेस स्वतन्त्रता सेनानी एवं वरिष्ठ पत्रकारहरूलाई सम्मानित गरेको छ। उहाँहरूलाई दोसल्ला ओढाएर कदरपत्र एवं नगद सहित सम्मान गरेको हो।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले संयुक्त रुपमा उहाँहरूलाई सम्मानपत्र सहित सम्मानित गर्नु भएको छ।

यसरी सम्मानित हुनु हुनेमा सप्तरीका वैद्यनाथ झा, प्रकाश खतिवडा, देवनारायण यादव, धनुषाका अशोक रौनियार, रामभरत साह, महोत्तरीका कुमरकान्त झा, गोपाल बराल, ईश्वरी प्रसाद काफ्ले, गयाँ यादव, शत्रुधन नेपाल र शैलेन्द्र गुप्ता रहनु भएको छ।

जनताको अधिकार प्राप्तिका लागि भएको विभिन्न लोकतान्त्रिक तथा गणतान्त्रिक आन्दोलनमा विशिष्ट योगदान दिनु भएका मधेश प्रदेशका प्रेस स्वतन्त्रता सेनानीहरूलाई प्रदेश सरकारले पहिलो पटक सम्मानित गरेको हो।

***आफूलाई खुशी लागेको छ : सञ्चारमन्त्री लेखी***

मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले संघीयता तथा समावेशिताको एजेण्डालाई सबै भन्दा बढी उजागर गर्ने प्रेस स्वतन्त्रता सेनानीहरूलाई गणतन्त्र दिवसमा सम्मानित गर्न पाएकोमा आफू खुशी भएको बताउनुभयो। उहाँले यो अभियान निरन्तर रुपमा जारी रहने जिकिर पनि गर्नुभयो।

शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले गणतन्त्रका कारणले नै मुलुकका विभिन्न क्षेत्र, वर्ग तथा भूगोलमा बसोबास गर्ने नागरिकहरूले मुलुकको सर्वोच्च पदमा पुगेको र पुग्ने क्रममा भएको बताउनु भयो।

मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री कौशल किशोर रायले गणतन्त्रको विकल्प गणतन्त्र नै हुने बताउँदै अरू कुनै तन्त्र हुन नसक्ने बताउनु भयो। वन तथा वातावरणमन्त्री संजय कुमार यादवले गणतन्त्रको विकल्पमा नौलो गणतन्त्र हुन सक्ने बताउँदै तर जनताले फलिसकेको राजतन्त्र हुनै नसक्ने बताउनु भयो।

कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी सम्मानबाट सम्मानित प्रकाश खतिवडा, मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा. शोहन साह, मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता सुरेन्द्र महतो र मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव विमन प्रसाद बरालले बोल्नु भएको थियो।



## राज्यको हरेक निकायमा पहुँच र वाक स्वतन्त्रता नै गणतन्त्र हो : मुख्यमन्त्री सिंह

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले राज्यको हरेक निकायमा संघर्ष गरी पुग्नु र वाक स्वतन्त्रता नै गणतन्त्र रहेको बताउनुभयो।

मधेश प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयद्वारा विहिवार जनकपुरधाममा गणतन्त्र दिवसमा आयोजित 'शुभकामना तथा अभिनन्दन कार्यक्रम'लाई सम्बोधन गर्दै मन्त्री सिंहले आउने पुस्ताहरुलाई गणतन्त्रको बारेमा बताउनु पर्ने भन्नु भयो। उहाँले भन्नुभयो 'आजको विकास गणतन्त्रकै देन हो। आफ्नो अधिकारका लागि आवाज उठाउनु, लड्नु, आन्दोलन गर्नु यी गणतन्त्रको उपलब्धीहरु छन्। २० वर्ष अघिको विकास र अहिलेको विकासको उपलब्धीलाई समीक्षा गर्नुपर्ने दिन आजको हो।'

गणतन्त्र दिवस मनाउन शहरमुखी भयो, नयाँ पुस्ताहरुलाई बुझाउनका लागि गाउँदेखि विद्यालयसम्म मनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीको अध्यक्षतामा भएको सो कार्यक्रममा मुख्यमन्त्री सिंहले धैरै नेपाली नागरिकहरुको शहादत र सञ्चारकर्मीहरुको योगदानको बदलौत गणतन्त्र आएको छ। यसलाई बदनाम गर्न र एकल वचस्व लाद्न प्रयास हुँदैछ। यसबाट सावधान रहन सबैमा आग्रह पनि गर्नुभयो।

उहाँले नयाँ नयाँ मोवाइलको उदाहरण प्रस्तुत गर्दै भने 'जसरी मोवाइलको नयाँ भर्सन आउँछन, व्यक्तित्यसलाई चेन्ज गरी दिन्छ त्यसरी नै नेपालमा १० वर्षमा संविधान बदलिने अभ्यास हुँदैछ। यो प्रयास कहिलेपनि सफल नहुने उहाँले ठोकुवा गर्नुभयो।

गणतन्त्रलाई सबैको अपनात्व र आत्मसाथ गर्दै लैजानको निमित्त आज भव्यताका साथ नेपाली नागरिकहरु मनाई रहेको उहाँले जिकिर गर्नु भयो।

केही सीमित व्यक्तिलाई गणतन्त्र पचिरहेको छैन, गणतन्त्रलाई असफल पार्न लागेको छ र त्यसका लागि आन्दोलित छन्, त्यसमा नलाग्न सबैमा आग्रह पनि गर्नुभयो।

## गणतन्त्रको विकल्प कुनै तन्त्र छैन : साँसद यादव

मधेश प्रदेशका सभासदस्य रामअशिष यादवले गणतन्त्रको विकल्प कुनै पनि तन्त्र नरहेको बताउनुभयो।

साँसद यादवले गणतन्त्र समाजको सर्वोत्तम व्यवस्था हो, जबकि राजतन्त्र एकलौटी शासन व्यवस्था छ। गणतन्त्रको खुश्बु नै नागरिकको स्वतन्त्रता छ। यी खुश्बुलाई बचाई राख्न सबैमा आग्रह गर्नुभयो।

गणतान्त्रिक व्यवस्थामा केही त्रुटिहरु छन् त्यसलाई सच्याउन वा सुधारको अवस्था छ उहाँले भन्नुभयो 'नेता कहिलेपनि जनताको सेवक हुन्छ शासक होइन। जनतामाथि शासनको व्यवस्था ल्याउनका लागि केही व्यक्तिहरु काठमाडौंको सडकमा उत्रेका छन्। त्यस्ता व्यक्तिबाट सावधान रहन सबैमा आग्रह छ।' उहाँले अर्को प्रसंगमा भन्नुभयो यो संविधानले जनतालाई संघीयताको अनुभति दिलाई रहेको छैन, यो संविधानलाई संशोधनको आवश्यकता रहेकोले यथाशीघ्र संशोधन गर्न जिकिर पनि गर्नुभयो। तराई मधेशसंगको विभेद अहिलेपनि जारी रहेकोले त्यसलाई नहटाएमा विभेद विरुद्धको आन्दोलन नहोला भन्न सकिन्न भन्नुभयो।

## प्रतिनिधिसभामा बजेट टेबुल

दैनिक समाचारदाता
काठमाडौँ, १५ जेठ। प्रतिनिधिसभामा आर्थिक वर्ष २०८२/८३ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)को प्रति टेबुल गरिएको छ। प्रतिनिधिसभाको आजको बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेट टेबुल गर्नुभएको हो।
सङ्घीय संसद्को संयुक्त बैठकमा आजै उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभएको थियो। सभामुख देवराज घिमिरेले बजेटमाथि सामान्य छलफल गर्न र अर्थमन्त्री पौडेलले जवाफ दिनका लागि यही जेठ २०, २१, २२ र २३ गतेका दिन तोकेको जानकारी दिनुभयो। उक्त छलफलमा दलीय प्रतिनिधित्वका आधारमा भाग लिन दलीय पदाधिकारीले आ¬-आफ्ना दलका सांसदको नाम बैठक बस्नु एक घण्टा अगावै उपलब्ध गराउन उहाँले आग्रह गर्नुभयो।

# 'प्रदेश र स्थानीय तहलाई रू पाँच खर्ब ८२ अर्ब विनियोजन'

काठमाडौँ, १५ जेठ। आगामी आर्थिक वर्ष २०८२ / ८३ का लागि सङ्घ सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत् रू पाँच खर्ब ८२ अर्ब ८३ पठाउने भएको छ। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा राजस्व बाँडफाँड र अनुदानमार्फत् प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरणका रुपमा यो रकम जाने बताउनुभयो। "वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा प्रदेशका लागि रू ६० अर्ब ६६ करोड र स्थानीय तहमा रू ८८ अर्ब ९७ करोड हस्तान्तरण गरिनेछ," उहाँले भन्नुभयो, "सशर्त अनुदानतर्फ प्रदेशका लागि रू ३० अर्ब ३५ करोड र स्थानीय तहका लागि रू दुई खर्ब ११ अर्ब ४६ करोड गरी जम्मा रू दुई खर्ब ४१ अर्ब ८१ करोड विनियोजन गरिएको छ।"

त्यस्तै, प्रदेश र स्थानीय तहलाई पूर्वाधार आयोजना कार्यान्वयनका लागि समपूरक अनुदान प्रदेशलाई रू तीन अर्ब २८ करोड र स्थानीय तहलाई रू १० अर्ब छ करोड विनियोजन गरिएको छ। विशेष अनुदानतर्फ प्रदेशका लागि प्रदेशका लागि रू तीन अर्ब २७ करोड र स्थानीय तहका लागि रू नौ अर्ब ७८ करोड विनियोजन गरिएको छ। सशर्त, विशेष र समपूरक अनुदान कार्यसम्पादनका आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको पनि अर्थमन्त्री पौडेलले बताउनुभयो।

बजेट वक्तव्य प्रस्तुत गर्नुहुँदै अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षका लागि प्रदेश तथा स्थानीय तहमा राजस्व बाँडफाँडबाट रू एक खर्ब ६५ अर्ब हस्तान्तरण हुने अनुमानसमेत गरिएको बताउनुभयो। यसरी आगामी आर्थिक वर्षमा सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँडबाट रू पाँच खर्ब ८२ अर्ब ८३ करोड बराबर पठाउने अनुमान गरिएको छ।

## अबण्डा शीर्षकमा ७८ अर्ब ३५ करोड बजेट

दैनिक समाचारदाता
काठमाडौँ, १५ जेठ। सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि अर्थ विविध अर्थात् अबण्डा शीर्षकमा रू ७८ अर्ब ३५ करोड ४३ लाख बराबरको बजेट छुट्याएको छ।
सङ्घीय संसदको संयुक्त बैठकमा आज पेस भएको आगामी आर्थिक वर्षको बजेट वक्तव्यअनुसार कुल विनियोजित रकमको करिब चार प्रतिशत रकम अबण्डा राखिएको हो। आगामी आर्थिक वर्षका लागि अर्थ विविध शीर्षकमा राखिएको रू ७८ अर्ब ३५ करोड ४३ लाख बराबर बजेटको स्रोतका रुपमा आन्तरिक र बाह्य ऋणलाई देखाइएको छ। जसमध्ये आन्तरिक ऋणबाट रू ७१ अर्ब २६ करोड ११ लाख र बाह्य ऋण बाट रु सात अर्ब नौ करोड ३२ लाख बराबर स्रोत व्यहोरिने बजेटमा उल्लेख छ।
कुनै योजना तथा कार्यक्रम नखुलाईकन ठूलो रकम बजेटमा राख्दा वित्तीय अनुशासन पालना हुन नसक्ने र तजबिजी खर्च बढ्ने भन्दै महालेखापरीक्षकको कार्यालयले समेत हरेक वर्ष समस्या औंल्याउँदै आएको छ। तर पनि सरकारले अबण्डा शीर्षकमा ठूलो रकम राख्ने परिपाटी हटाउन सकेको देखिँदैन।

## जनहितमा जारी सूचना

१. खाद्य तथा उपभोग्य वस्तुहरूमा कुनै पनि किसिमको मिसावट नगरी शुद्धरूपमा उत्पादन र बिक्री बितरण गरौं।
२. कार्टेलिङ वा मिलेमतोमा मूल्य निर्धारण गरी मालवस्तु तथा सेवा वितरण गर्ने कार्य नगरौं/नगराऔं।
३. श्रमबाट समृद्धि हासिल हुने हुँदा श्रमप्रतिको सम्मान अभिवृद्धि गरौं।
४. सामाजिक सुरक्षा कोषमा सहभागी बनौं।
५. सीप विकास तालिम तथा क्षमता अभिवृद्धिका लागि नजिकको घरेलु तथा साना उद्योग कार्यालयहरूमा सम्पर्क गरौं।
६. उद्योग, व्यवसाय र प्रतिष्ठानहरूले आफ्नो कामकारवाहीमा मानव अधिकारसम्बन्धी सिद्धान्त र मूल्यमान्यता अवलम्बन गर्नुहुन अनुरोध छ।

घरेलु तथा साना उद्योग कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

## मेलमिलापबाट विवादको समाधान गरौं

मेलमिलापबाट :
- विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- सम्बद्ध पक्षले आफ्नो इच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- आपसी सम्बन्ध सुधार हुन सक्छ,
- सम्बद्ध सबै पक्षलाई जितको अनुभव गराउँछ,
- तटस्थ र निष्पक्ष रुपमा विवादको समाधान हुनसक्छ,

*विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरुलाई पनि उत्प्रेरित गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४